प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

**परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरको**

**डिप्लोमा/प्रमाणपत्र तह प्राविधिक शिक्षा छात्रवृत्ति कार्यक्रमको**

**परीक्षा आवेदन फाराम भर्ने बारेको अत्यन्त जरुरी सूचना**

(मिति २०७५ फाल्गुन २३ गते प्रकाशित)

यस परिषद्का आंगिक, साझेदारी, सामुदायिक विद्यालय र निजी स्तरका शिक्षण संस्थाहरुमा संचालित **विशेष प्राविधिक शिक्षा छात्रवृत्ति कार्यक्रम (दलित, मुसलमान, लोपोन्मुख जाती तथा भूकम्प प्रभावित)** डिप्लोमा इन इन्जिनियरिङ्ग कार्यक्रमको प्रथम वर्ष दोस्रो खण्ड, दोस्रो बर्ष दोस्रो खण्ड र तेस्रो वर्ष दोस्रो खण्डको नियमित तथा आंशिक र इन्टरप्रेनरशिप कार्यक्रमको प्रथम वर्ष दोस्रो खण्डको नियमित तथा आंशिक ,दोस्रो बर्ष दोस्रो खण्डको नियमित तथा प्रमाणपत्र तह नर्सिङ्ग, सामान्य चिकित्सा, डिप्लोमा इन फार्मेसी, कृषी (वाली विज्ञान र पशु विज्ञान) कार्यक्रमको प्रथम, दोश्रो र तेश्रो वर्षको नियमित तथा आंशिक एवम् डिप्लोमा इन फिजीयोथेरापी कार्यक्रमको प्रथम वर्षको नियमित परीक्षा बैशाख महिनामा संचालन हुने भएकोले मिति ***२०७५ साल*** चैत्र १८ ***गते भित्र*** परीक्षा आवेदन फाराम भर्ने म्याद तोकिएको हुंदा सम्वन्धित शिक्षण संस्थाहरुले अनिवार्य रुपमा विद्यार्थीहरुबाट परीक्षा आवेदन फाराम भराउँनु हुन यो सूचना प्रकाशित गरिएको छ।***साथै निम्न शर्तहरु पूरा नभएका र तोकिएको समय भित्र आवेदन फाराम नबुझाउने शिक्षण संस्थाका विद्यार्थीहरुलाई परीक्षामा सम्मिलित नगराइने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ।***

**शर्तहरु:**

१. परीक्षा आवेदन फाराममा उल्लेखित विवरणहरु सबै भरिएको हुनुपर्नेछ। आवेदन फाराममा परीक्षार्थीको हालसालै खिचेको मुखाकृती प्रष्ट देखिने पासपोर्ट साईजको फोटो टांसिएको हुनुपर्नेछ।

२. **शिक्षण संस्थाहरुले परीक्षार्थीको (परीक्षा शुल्क बार्षिक तर्फ प्रति विद्यार्थी रु. २,५००।- र सेमेष्टर तर्फ प्रति विद्यार्थी रु. २,०००।-) रकम उल्लेख भएको शिक्षण संस्थाको सकल पत्र फाराम साथ पेश गर्नु पर्नेछ।**

३. आंशिक परीक्षार्थीको हकमा एक विषय मात्रका लागि परीक्षा शुल्क रु.३००।- प्रत्येक थप विषयको लागि रु.१५०।- का दरले नियमित शुल्कमा र बिलम्व शुल्क प्रति विद्यार्थी तोकिएको शुल्कको दोब्बर दस्तुर बुझाउनु पर्नेछ (तोकिएको मिति भन्दा पछि सात दिन भित्र परीक्षा आवेदन फाराम बुझाउने परीक्षार्थीहरुको हकमा मात्र)।

४. **आंशिक परीक्षार्थीको हकमा शैक्षिक शत्र २०७०/७१ देखि २०७४/७५ (२०१३ देखि २०१७) मा भर्ना भई रजिष्ट्रेशन कायम भएका विद्यार्थीहरुले मात्र परीक्षा** ***आवेदन फाराम भर्न पाउने छन्।***

५. नियमित परीक्षार्थीको परीक्षा आवेदन फाराम परिषद्को वेभसाइट www.ctevt.org.np मा उपलव्ध हुनेछ। आंशिक परीक्षार्थीहरुको परीक्षा आवेदन फाराम परिषद्, परीक्षा नियन्त्रण कार्यालय र परिषद्का सम्बन्धित प्रदेश कार्यालयहरुबाट उपलव्ध हुनेछ।

६. नियमित परीक्षार्थीको परीक्षा आवेदन फारामहरु **Web based online system मा entry गरी समष्टिगत फारामको क्रम अनुसार मिलाई कार्यक्रम अनुसारको समष्टिगत फारामको Printed Copy समेत एक प्रति सोहि फाईलमा संलग्न गर्नु पर्नेछ।** साथै नियमित परीक्षार्थीहरुको आन्तरिक मूल्यांकनको प्राप्तांक **Web based online system मा entry गरी** ***प्रमाणित एक प्रति (Printed Copy)*** अनिवार्य रुपमा संलग्न **गर्नुपर्नेछ।**

७. आंशिक परीक्षार्थीको हकमा परीक्षा आवेदन फारामसाथ ***समष्टीगत फारामको प्रमाणित प्रति Printed Copy दुई प्रति र एक प्रति Soft Copy समेत (Excel 7.0 मा)*** अनिवार्य रुपमा बुझाउनुपर्नेछ।

८. आन्तरिक मूल्यांकन परीक्षामा उत्तीर्ण परीक्षार्थीहरु मात्र अन्तिम परीक्षामा सामेल हुन पाउँने छन। आन्तरिक मूल्यांकन परीक्षामा अनुतिर्ण ***(NQ)*** परीक्षार्थीहरुले अनुतिर्ण विषय उल्लेख गरी परीक्षामा सामेल भएमा निजको सो परीक्षा स्वत: रद्द हुने छ। साथै परीक्षार्थीहरुको आन्तरिक मूल्यांकनको प्राप्तांक **Web based online system मा entry गरी** ***प्रमाणित एक प्रति (Printed Copy)*** अनिवार्य रुपमा संलग्न **गर्नु पर्नेछ।**

९. अन्य संस्थावाट रजिष्ट्रेशन भएका विद्यार्थीहरुको हकमा उक्त संस्थाको नाम परीक्षा आवेदन फाराममा उल्लेख गर्नुपर्नेछ। शिक्षण संस्था स्थानान्तरण गरेको भए सो अनुमति लिएको प्रमाण संलग्न राख्नुपर्नेछ।

१०. आवेदन फाराम व्यक्तिगत रुपमा बुझिने छैन। उक्त फाराम सम्बन्धित शिक्षण संस्था मार्फत बुझाउनुपर्नेछ।

११. सम्वन्धित शिक्षण संस्थाहरुले परीक्षाको आवेदन फारामहरु मिति २०७५ साल चैत्र २० गते भित्र परिषद, परीक्षा नियन्त्रण कार्यालय र परिषद्का सम्बन्धित प्रदेश कार्यालयहरुमा आंशिक परीक्षा तर्फको आवेदन शुल्क सहित अनिवार्य रुपमा बुझाउनु पर्नेछ। म्याद नाघी प्राप्त भएका आवेदन फारामहरु माथी कुनै पनि कारवाही हुने छैन। (प्रदेश कार्यालयहरु र खाता नम्बरहरु : प्रदेश नं.१ रा.वा बैंक, ईटहरी शाखा- खाता नं. २५५०००१०१९०१, प्रदेश नं.२ रा.वा बैंक, भानु चोक, जनकपुर शाखा-खाता नं. १२२०००६७०३०१, प्रदेश नं.३ हेटौडा शाखा- रा.वा वैक खाता नं. १३००००३६६८०१, गण्डकी प्रदेश रा.वा बैंक, पार्दी शाखा- पोखरा खाता नं.३५००००००२३३०१, प्रदेश नं.५ रा.वा बैंक, रामनगर, बुटवल शाखा- खाता नं. ३३६००००३५२०१, कर्णाली प्रदेश रा.वा.बैंक, विरेन्द्रनगर,सुर्खेत शाखा-खाता नं. ४०८००१५५२७०१, सुदुरपश्चिम प्रदेश रा.वा बैंक, धनगढी शाखा- खाता नं.४१७०००६५०९०१)

१२. आंशिक परीक्षार्थीहरुको **Symbol No.** परिषद्को वेभसाइट www.ctevt.org.np मा उल्लेख भए अनुसार हुनुपर्ने छ।

१३. यो सूचना परिषद्को वेभसाइट **www.ctevt.org.np** मा उपलव्ध हुनेछ।

**परीक्षा नियन्त्रक**